# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

कपिलाकोट, सिन्धुली
बागमती प्रदेश

पत्र संख्याः २०८१/०८२

## सेवा करारमा पशु चिकित्सक पदपूर्ति गर्ने सम्बन्धी सूचना

*(प्रथम पटक सूचना प्रकाशित मितिः- २०८१/०७/०७)*

नेपाल सरकारको स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन सम्बन्धी कार्यविधि, २०८१ बमोजिम पशु चिकित्सक पदमा प्रतिस्पर्धाबाट सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र रितपूर्वकको दरखास्त आह्वान गरिएको छ ।

**तपसिलः**

| क्र.सं. | विज्ञापन नं. | पद | माग पद संख्या | सेवा, सुविधा | दरखास्त दस्तुर (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ०१/०८१/०८२ | पशु चिकित्सक प्राविधिक | १ (एक) | कार्यविधिमा उल्लेख भए बमोजिम | १,०००/- | |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभवः**
- क) पशु विज्ञान (पशु चिकित्सक) तर्फ मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट पशु चिकित्सक विषयमा B.V. Sc & AH/ B.V. Sc वा सो सरहको स्नातक तह उत्तीर्ण भई नेपाल पशुचिकित्सा परिषद्मा दर्ता भएको,
- ख) कुनै फौजदारी अभियोग नलागेको,
- ग) दरखास्त दिने अन्तिम मिति सम्म कम्तीमा १८ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको,
- घ) कार्यविधि बमोजिम आवश्यक अन्य योग्यता तथा अनुभव ।

२. **दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरुः** नेपाली नागरिकता, शैक्षिक योग्यता, तालिम तथा अनुभव सम्बन्धी प्रमाणपत्रका प्रतिलिपिहरु उम्मेदवार आफैले प्रमाणित गरी दरखास्त फारममा संलग्न गर्नु पर्नेछ ।

३. **दरखास्त दिने स्थानः** मरिण गाउँ कार्यपालिकाको कार्यालय, कपिलाकोट, सिन्धुली ।

४. **दरखास्त दिने अन्तिम मिति** : २०८१/०७/२१ गते कार्यालय समय भित्र ।

५. **दरखास्त दस्तुर सम्बन्धी व्यवस्थाः** तोकिएको दरखास्त दस्तुर राष्ट्रिय वाणिज्य बैंक लि., कपिलाकोट शाखामा रहेको मरिण गाउँपालिकाको आन्तरिक राजश्व खाता नं. १५३०१००३०१०१०००२ मा जम्मा गरी सक्कलै भौचर वा गाउँपालिकाको राजश्व शाखामा आम्दानी रसिद कटाई नगद जम्मा गरेको सक्कल रसिद पेश गर्ने ।

६. **छनौटका आधारहरु** : लिखित परीक्षा र अन्तर्वार्ता ।

७. **लिखित परीक्षाको मिति पछि प्रकाशन गरिनेछ ।**

८. **कार्यविवरणः** कार्यविधि अनुसार गाउँ कार्यपालिकाको कार्यालयले तोके बमोजिम ।

९. **करार अवधिः** २०८२ साल असार मसान्त सम्म ।

१०. दरखास्त फारम यस गाउँपालिकाको वेभसाइट **www.marinmun.gov.np** मा प्राप्त गर्न सकिनेछ साथै दरखास्त फाराम भरी यस गाउँपालिकाको E-mail:- maringapa.sindhuli@gmail.com मा बुझाउन सकिनेछ ।

*पुनश्चः- थप जानकारीका लागि यस गाउँपालिका अन्तर्गत पशु विकास शाखा प्रमुखको सम्पर्क नं.९८६५५०१८४४ मा सम्पर्क गर्न सकिनेछ ।*

०८१/७/७

विकास सुन्दास
प्रमुख प्रशासकीय अधिकृत